# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४
प्रेस विज्ञप्ति नं. : ५०६

मिति. : २०८३।०५।१७ गते
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### Fake Tiktok Account को माध्यमवाट ठगी गर्दै आएको ब्यक्ति लागु औषध खैरो हेरोईन १७.२२० ग्राम सहित पक्राउ

लागु औषध कारोवार गर्न सक्ने शंकास्पद ब्यक्तिहरुको निग्रानी गर्ने क्रममा मिति २०८३।०५।१५ गते लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला ललितपुर महालक्ष्मी न.पा. वडा नं. ६ चाङथली स्थित डेराकोठाबाट निम्न उल्लेखित नामथर ठेगाना भएका ब्यक्तिलाई लागु औषध खैरो हेरोईन १७.२२० ग्राम सहित पक्राउ गरी यस ब्यूरोबाट थप अनुसन्धान भईरहेको ।

**निम्न:-**

**पक्राउ प्रतिवादीको विवरण:**

जिल्ला महोत्तरी गौशाला न.पा. वडा नं. १ ठेगाना भएका वर्ष २३ को रोशन साह

**बरामद दशी (सामान) को विबरण :**

**१. लागु औषध खैरो हेरोईन १७.२२० ग्राम**
**२. डिजिटल तराजु थान १**
**३. नगद रु ३०,०००।- (अक्षेरुपी तीस हजार)**
**४. मोवाईल थान १**

**नोट:-**

१. पक्राउ प्रतिवादी रोशन साह ठगी सम्बन्धी कसूरमा मिति २०८१।१२।१९ गते धनुषाबाट पक्राउ परी सम्मानित धनुषा जिल्ला अदालतको आदेशले पुपक्ष गएकोमा उच्च अदालतको आदेशले रु ६,००,०००।– ( अक्षेरुपी छ लाख) धरौटीमा छुटेको अभिलेखवाट देखिएको ।

२. कारागारवाट छुटे पछी निजले पुन: ९८२०२२२२०१, ९८०९६१६९८७ र ९८१०६९४००९ नम्वरवाट CERTIFIED EV SELLER नामक Fake Tiktok Accounts(https://www.tiktok.com/@scooter_showroom?_r=1&_t=ZS-99OTyQuoHdR) खोली EV Scooter सप्लाई गर्ने भनि रकम ठगी गर्दै आएको खुलेकोले ठगी सम्बन्धी कसुरमा निज उपर उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुवाट अनुसन्धान भई रहेको हुँदा कोही ब्यक्ति निजवाट ठगिन गई पिडित भएमा उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुमा सम्पर्क राख्न हुन समेत जानकारीको लागी अनुरोध गरिन्छ ।






प्रवक्ता/ सूचना अधिकारी
(दुर्गा राज रेग्मी)
प्रहरी उपरीक्षक